# रुवी भ्याली गाउँ शिक्षा क्षेत्र योजना
## २०८३ -२०८७ -०९२



## गाउँपालिका
## रुवी भ्याली गाउँ शिक्षा योजना

## गाउँपालिका अध्यक्षको दुई शब्द.....

शिक्षा समृद्ध,सभ्य र आत्मनिर्भर समाज निर्माणको प्रमुख आधार हो । गुणस्तरीय,समावेशी,जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको माध्यमबाट सक्षम,सिर्जनशील,नैतिक र जिम्मेवार नागरिक उत्पादन गर्नु स्थानीय सरकारको प्रमुख दायित्वमध्ये एक हो। नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार तथा जिम्मेवारी अनुसार रुव भ्याली गाउँपालिकाले स्थानीय आवश्यकता,सम्भावना र चुनौतीलाई मध्यनजर गर्दै गाउँ शिक्षा योजना (२०८३-२०८७) तयार गरेकोमा मलाई अत्यन्त खुशी लागेको छ।

यस योजनाले आगामी पाँच वर्षका लागि गाउँपालिकाको शैक्षिक विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। विद्यालय शिक्षाको पहुँच विस्तार, सिकाइ उपलब्धिमा सुधार, गुणस्तरीय शिक्षाको सुनिश्चितता, शिक्षकको क्षमता विकास, सूचना तथा सहार प्रविधिको प्रभावकारी प्रयोग, विद्यालय सुशासन, समावेशी शिक्षा तथा बालमैत्री सिकाइ वातावरण निर्माणलाई यस योजनाले विशेष प्राथमिकता दिएको छ।

यो योजना तयार गर्ने क्रममा जनप्रतिनिधि,शिक्षा शाखा,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक,शिक्षक, अभिभावक,विद्यार्थी,सरोकारवाला निकाय तथा स्थानीय समुदायबाट प्राप्त सुझाव,अनुभव र सहयोग अत्यन्त महत्वपूर्ण रहेको छ। योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण महानुभावप्रति गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। यस योजनालाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु सबैको साझा जिम्मेवारी हो । आवश्यक स्रोत,साधन र नीतिगत सहयोग उपलब्ध गराउँदै योजनाको सफल कार्यान्वयनमा प्रतिबद्ध रहने विश्वास दिलाउन चाहन्छु । सबै सरोकारवालाको सहकार्य,समन्वय र सक्रिय सहभागिताबाट रुव भ्याली गाउँपालिकाको शैक्षिक क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल हुनेमा पूर्ण विश्वास व्यक्त गर्दछु।

अन्त्यमा,यस गाउँ शिक्षा योजना २०८३ को सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला पक्षको निरन्तर सहयोग र सहभागिताको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

.....

राम सिंह तामाङ

(गाउँपालिका अध्यक्ष)

रुवी भ्याली गाउँपालिका

राम सिंह तामाङ
अध्यक्ष

## प्रमुख प्रशासकीय अधिकृतको दुई शब्द.....

शिक्षा मानव विकासको मूल आधार तथा समृद्ध समाज निर्माणको प्रमुख माध्यम हो। स्थानीय सरकार सञ्चालन ऐन, नेपालको संविधान तथा राष्ट्रिय शिक्षा नीति र स्थानीय आवश्यकता अनुरूप गुणस्तरीय,समावेशी,न्यायोचित र परिणाममुखी शिक्षा प्रणालीको विकास गर्नु स्थानीय तहको महत्वपूर्ण दायित्व हो। यही उद्देश्यलाई आत्मसात गर्दै रुव भ्याली गाउँपालिकाले गाउँ शिक्षा योजना (२०८३-२०८७) तयार गरेकोमा खुसी व्यक्त गर्दछु।

यो योजना गाउँपालिकाको शैक्षिक क्षेत्रको वर्तमान अवस्था,आवश्यकता,चुनौती र सम्भावनाको वस्तुगत विश्लेषणका आधारमा तयार गरिएको एक महत्वपूर्ण मार्गदर्शक दस्तावेज हो। यसमा विद्यालय शिक्षाको पहुँच विस्तार, सिकाइ उपलब्धिमा सुधार,शिक्षकको पेशागत क्षमता विकास सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग,विद्यालय सुशासन, समावेशी शिक्षा, बालमैत्री सिकाइ वातावरण तथा शैक्षिक व्यवस्थापनको सुदृढीकरणलाई प्राथमिकताका साथ समेटिएको छ।

योजनाको निर्माण प्रक्रियामा गाउँपालिका अध्यक्षज्यू,उपाध्यक्षज्यू, कार्यपालिका सदस्यहरू,शिक्षा,युवा तथा खेलकुद शाखा,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक,शिक्षक,अभिभावक,विद्यार्थी,विषयगत विज्ञ तथा अन्य सरोकारवालाहरूबाट प्राप्त सहयोग,सुझाव र सक्रिय सहभागिताले यस योजनालाई थप व्यवहारिक,प्रभावकारी र कार्यान्वयनयोग्य बनाउन महत्वपूर्ण योगदान पुयाएको छ। यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

अब यस योजनाको सफल कार्यान्वयनका लागि आवश्यक प्रशासनिक समन्वय, नीतिगत सहजीकरण, स्रोत व्यवस्थापन तथा नियमित अनुगमन र मूल्याङ्कनमा गाउँपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहने विश्वास दिलाउन चाहन्छु। सबै सरोकारवालाको साझा प्रयास र सहकार्यबाट रुव भ्याली गाउँपालिकाको शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार आउने विश्वास लिएको छु।

अन्त्यमा,गाउँ शिक्षा योजना (२०८३-२०८७) को प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला निकाय, विद्यालय परिवार,अभिभावक समुदाय तथा विकास साझेदारहरूको निरन्तर सहयोग,समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

.....

छोईसाङ तामाङ

(प्रमुख प्रशासकीय अधिकृत)

रुवी भ्याली गाउँपालिका

## शिक्षा शाखा प्रमुखको दुई शब्द.....

शिक्षा कुनै पनि समाजको समग्र विकास, समृद्धि र सुशासनको आधारशिला हो । गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चिततामार्फत सक्षम,नैतिक,सिर्जनशील र प्रतिस्पर्धी नागरिक उत्पादन गर्नु आजको आवश्यकता हो । यही आवश्यकतालाई आत्मसात गर्दै रुवी भ्याली गाउँपालिकाले आर्थिक वर्ष (२०८३-२०८७) लाई समेट्ने गाउँ शिक्षा योजना तयार गरेको छ ।

यस योजनाको निर्माणमा गाउँपालिकाका जनप्रतिनिधि,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक,शिक्षक, अभिभावक, विद्यार्थी, सरोकारवाला निकाय तथा स्थानीय समुदायबाट प्राप्त सुझाव,अनुभव र सहभागिताले महत्वपूर्ण योगदान पु-याएको छ । उहाँहरू सबैप्रति शिक्षा शाखाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

यो योजना विद्यालय शिक्षाको पहुँच,गुणस्तर,समता,सुशासन,शिक्षकको पेशागत विकास,सूचना प्रविधिको प्रयोग, सिकाइ उपलब्धिको सुधार,बालमैत्री वातावरण तथा स्थानीय आवश्यकता अनुसारको शैक्षिक विकासलाई केन्द्रमा राखी तयार गरिएको छ । योजनामा उल्लेखित लक्ष्य,उद्देश्य तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट रुव भ्याली गाउँपालिकाको शैक्षिक क्षेत्रमा सकारात्मक परिवर्तन आउने विश्वास लिएको छु ।

अन्त्यमा,यस योजनाको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला निकाय,विद्यालय परिवार,अभिभावक, विकास साझेदार तथा समुदायबाट निरन्तर सहयोग,समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दै यस योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति पुनः हार्दिक धन्यवाद एंव निरन्तर सहयोग,समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.....

उत्तमलाल तामाङ

शिक्षा शाखा प्रमुख

रुवी भ्याली गाउँपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

उत्तमलाल तामाङ
शिक्षा शाखा प्रमुख

## हाम्रो भनाइ

शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । यसले नै मानवलाई विकासको उन्नत युगमा पदार्पित गराउँछ । सभ्य समाज निर्माण नभएसम्म भौतिक विकासको मूल्य अस्तित्वहीन मात्रै हुँदैन यसले मानवलाई स्वार्थी र मानवताहीन बनाउने खतरा पनि रहन्छ त्यसैले शिक्षालाई संस्कारसहितको र मानवताको मूल्यसहितको बनाउनु पनि आजको आवश्यकता हो ।

रुवी भ्याली गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र शिक्षालाई तदनुरुप नै विकास गर्ने लक्ष्य लिएको छ । इतिहासलाई सम्मान गर्दे, परम्परागत ज्ञान सीपलाई जोड्दै, एकीकरण गर्दै विकासलाई दीर्घकालीन र स्थायित्वपूर्ण बनाउन वर्तमान शिक्षा पद्दतिलाई परिमार्जन परिष्करण गर्न खोजिरहेको छ ।

विकास भौतिक मात्रै होइन, मानवीय र आत्मिक उन्नयन पनि हो । भौतिक विकासको सुदृढिकरण र सुरक्षालाई पनि शिक्षाको उन्नयन अपरिहार्य हुन्छ । रुवी भ्याली कृषि, पर्यटन, जडिबुटी र सनातन साँस्कृतिक मूल्यहरुका लागि चर्चित गाउँपालिका हो । यहाँको सनातन मूल्य, मान्यता पनि विश्वमाझ देखाउन लायक छ । त्यसैले यहाँको दीर्घकालीन शिक्षा योजना निर्माण गर्दा यी परम्परागत मूल्य, प्राकृतिक उत्पादन, पर्यटन, जडिबुटी र मानवीय मूल्यहरुलाई पनि आधार बनाइएको छ ।

शिक्षा मानव विकासको आधार हो । समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक-आर्थिक विकास सम्भव हुँदैन । नेपालको संविधानले शिक्षा मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा गाउँ शिक्षा योजना समयसापेक्ष आवश्यकता हो ।

हाम्रो गाउँपालिकामा शैक्षिक पहुँच विस्तार भए तापनि सिकाइ उपलब्धि, समानता, गुणस्तर, प्रविधिको उपयोग, शिक्षक पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा अझै सुधार आवश्यक छ। भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान गुणस्तरको शिक्षा प्राप्त गर्न सकेका छैनन् ।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्दछ। विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम ढाँचा, दिगो विकास लक्ष्य (SDG-4) तथा प्रदेश र स्थानीय नीतिसँग सामञ्जस्य कायम गर्दै योजना तयार गरिएको छ ।

शिक्षा केवल विद्यालय विश्वविद्यालयको ढोकाबाट मात्रै प्राप्त हुँदैन , यो त जीवनभर आर्जन भइरहने गुण हो र जीवन जीउने कला पनि शिक्षा बन्नुपर्छ । बालमैत्री, समावेशी, सुरक्षित र

प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता, तथा उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा सुधार सम्भव छ ।
यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्य अपरिहार्य छ । साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो गाउँपालिकालाई  सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प छ ।

## योजनाको सारांश

रुवी भ्याली गाउँपालिका शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक र आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ ।
योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।
योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका) का लागि विशेष कार्यक्रम, तथा गैर-औपचारिक र वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।
कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक-निजी साझेदारीलाई जोड दिइएको छ ।
समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

समयोचित शिक्षा, विश्वस्तरीय नागरिकको तयारी र जन्मभूमिप्रति आस्था , भरोसा, विश्वास पैदा गराउन शिक्षा नै प्रमुख आधार हो त्यसैले शिक्षाको यो योजना कार्यान्वयन हुँदा हामीले अपेक्षा गरे अनुरुपका नागरिक तयार हुन्छन् भन्ने हाम्रो अपेक्षा पनि रहेको छ ।

### १) विषय प्रवेशः

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुयाउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

### २) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदशी उपयोग हो। शिक्षा क्षेत्रमा अर्को लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुयाउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

## ३) योजना निर्माण प्रक्रियाः

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो।

१) नेपालको संविधान
२) सोह्रौं आवधिक योजना
३) स्थानीय सरकार सञ्चालन ऐन २०७४
४) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
५) राष्ट्रिय र प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच
६) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
७) विद्यालय शिक्षा क्षेत्र योजना
८) राष्ट्रिय शिक्षा नीति २०७६,
९) दिगो विकास लक्ष्य
१०) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
११) स्थानीय तहको मध्यकालिन खर्च संरचना
१२) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
१३) राजनीतिक दलको घोषणापत्र
**१४)** विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

शिक्षासँग सम्बन्धित रुवी भ्याली गाउँ पालिकाले तयार गरेका पूर्व नीति, रणनीति, शैक्षिक सम्मेलनका दस्तावेज आदि **समाविष्ट छन् ।**

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो

१) कार्यपालिकाको बैठकको निर्णय
२) योजना निर्माण समितिको गठन
३) योजना निर्माण कार्यदल गठन
४) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय
५) प्रथम मस्यौदा तयारी
६) योजनाको अन्तिम रुप
७) योजनाको मूल्याकंन
८) योजनाको स्विकृति र कार्यान्वयनको अवस्था

## ४) योजनाको दस्तावेजको स्वरूप

परिच्छेद १ : यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ ।

परिच्छेद २ : दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद ३ : विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालिवकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन रहेका छन् ।

परिच्छेद ४: विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा समता तथा समावेशीकरणस स्वास्थ्य, पोषण तथा दिवा खाजा आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद ५: सुशासन तथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ ।

परिच्छेद ६ : योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ ।

परिच्छेद ७: योजनाको कार्यन्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय

## क)भौगोलिक अवस्थिति

यस स्थानीय तह नेपालको बागमती प्रदेश अन्तर्गत अवस्थित रहेको छ । रुवी भ्याली गाउँपालिकाको भौगोलिक अवस्थिति अक्षांश २७.५५ देखि २८.३३ डिग्री उत्तर र देशान्तर ८४.५० देखि ८५.२० डिग्री पूर्वको बीचमा पर्दछ । स्थानीय तहको कुल क्षेत्रफल करिब ४०१.४५ वर्ग किलोमिटर रहेको छ । यसको सिमानामा पूर्वतर्फ आमाछोदिङमो गाउँपालिका रसुवा जिल्ला, पश्चिमतर्फ गोर्खा जिल्ला, उत्तरतर्फ चिन तिब्बत र दक्षिणतर्फ खनियाबास गाउँपालिका र गंगाजमुना गाउँपालिका सिमाना रहेका छन् । समुद्री सतहको ५०० मिटर देखि ७०४३ मिटरको

उचाई सम्म यो गाउँपालिका अवस्थित रहेको छन । यो गाउँपालिका राजधानी काठमाण्डौंबाट करिब १३० कि. मि. उत्तरपश्चिममा अवस्थित रहेको छ । यस गाउँपालिका भूगोलको हिसाबले धादिङ जिल्लाकै सबैभन्दा ठूलो गाउँपालिकामा पर्दछ ।यो गाउँपालिका अविरल वगिरहने आँखु नदीको शिरमा पर्दछ । यस गाउँपालिका साबिकको तिप्लिङ, सेर्तुङ र लापा गाविसहरु मिलाएर बनेको छ । यस गाउँपालिकाको मुख्य पर्यटकीय स्थल गणेश हिमाल हो । यहाँका बासिन्दाहरुको मुख्य विशेषता भनेको परम्परागत कृषि प्रणालीमा निर्भरता, तथा जडिबुटी संकलन हो । यहाँका नागरिकहरु  हिन्दु, बौद्ध र क्रिश्चियन धर्मालम्बी छन् । जसले सर्वलौकिक संस्कृति झल्काउँछ । यहाँको मुख्या भाषा तामाङ, नेपाली, गुरुङ हो भने थोरै संख्यामा नेवारी पनि छ । यस क्षेत्रको मुख्य आयश्रोत भनेकै कृषि, पशुपालन, जडिबुटी व्यवसाय हो । यो पालिका जलस्रोतको धनी रहेको छ तर उपयोगमा आएको छैन । यो गाउँपालिकामा साना ठुला गरि करिब ५ वटा जलविद्युत आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १०,७८१ रहेको छ । जसमध्ये पुरुष ५३५० (४०.७ प्रतिशत)  महिला ५४२२ (५०.३ प्रतिशत) रहेको छ ।  यस स्थानीय तहको नामाकरण ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक विशेषताका आधारमा गरिएको मानिन्छ, जसले स्थानीय पहिचान र गौरवलाई प्रतिबिम्बित गर्दछ ।

हावापानीको दृष्टिले यस स्थानीय तहमा सामान्यतया उपोष्णदेखि समशीतोष्ण र शीतोष्ण जलवायु पाइन्छ । गर्मी याममा तापक्रम मध्यमदेखि उच्च रहने र वर्षायाममा पर्याप्त वर्षा हुने गर्दछ  । जाडो याममा तापक्रम घट्ने भए पनि चिसोको मात्रा पनि बढ्छ । उच्च हिमाली क्षेत्रको आसपास गाउँहरुमा जाडो समयमा हिउँ समेत परि आत्यतिक जाडो हुने गर्दछ । यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, पाविल हिमाल गणेश हिमालको काखमा रहेको यो गाउँपालिकाको मनोरम हिम श्रृंखलाले नै बढाएको छ। हिमालय पर्वतबाट उत्पति भएका नद नदीमा जलविहारको पनि सम्भावना रहेको छ ।  यस गाउँपालिकामा रहेको कालो दह (रुद्रकुण्ड),सेतो दह पार्वती कुण्ड, गणेशकुण्डहरु धार्मिक तथा पर्यटकीय आकर्षणले संभावनायुक्त छन् । पाङसाङ डाडाँ भ्यू, गणेश कुण्ड, सिङ्गला तीर्थस्थल, तातोपानी, घलेदरबार, ल्याक्चेकुण्ड, हार्चीपास  ब्राकरचो, फेन्चेत, सदाचेत, डुप्च्युगु, तीर्थस्थल, मुराप, साच्यात, न्यङग्रङ, छोप्ता लगायत  धार्मिक तथा सांस्कृतिक स्थलहरू अनुसन्धानका लागि पनि महत्वपूर्ण छन् । नदी, ताल, वनजंगल, डाँडाकाँडा, ऐतिहासिक मन्दिर, गुम्बा वा सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन्। यद्यपि पूर्वाधार, प्रचार-प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन्। वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र

स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याएको छ । तथापि वन अतिक्रमण, अव्यवस्थित दोहन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना गरिरहेको छ ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, डुबान, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ । विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ । जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपतकालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ ।

समग्रमा, यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ । यिनै संभावनाहरुलाई शैक्षिक योजनाले सम्बोधन गर्न सके मात्रै विकासको आयाम फराकिलो बन्न सक्छ । प्रस्तुत शैशिक योजना यस दिशामा कोसेढुङ्गा बन्न सकोस् भन्ने कामना पनि गरेका छौं ।

### ख) **जनसाङ्ख्यिक संरचना**

यस स्थानीय तहको जनसंख्यायिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ । जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ, यद्यपि कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइँका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका, किशोर-किशोरी, कार्यशील उमेर (१५-५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई संकेत गर्दछ।

यस स्थानीय तहमा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको छ । यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औँल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको अनुमान गरिन्छ । जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइसराइँका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाइसराइँको दृष्टिले यो स्थानीय तह श्रम-आधारित बाह्य तथा आन्तरिक बसाइसराइँबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय

उत्पादनशीलता र विद्यालय उमेर समूहको संख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

### ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। बौद्ध, क्रिस्चियन धर्मावालम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था-प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै तामाङ मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्व राख्दछन् । मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पु-चाउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान-सीपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा, सामाजिक-सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

### घ) आर्थिक अवस्थाको विश्लेषण

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबालीमा कोदो, मकै, आलु, जौं, गहुँ, सिमी र पशुपालन तथा साना स्तरका कृषि-आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू–जस्तै खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ-कटाइ तथा कृषि-आधारित उद्योग–आर्थिक क्रियाकलापका महत्वपूर्ण आधारहरुमा त्यति चासो भएर आगडि नबढेको छन् । स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। होमस्टे, धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुयाउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त देखिन्छ । रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ। रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुयाए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

### ङ) शैक्षिक अवस्थाको विश्लेषण

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | **प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या १८ वटा रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या IEMIS अनुसार २५० जना रहेका छन् । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।<br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी र जनजाति तथा अन्य सीमान्तकृत समुदायका |

| | |
|---|---|
| | बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गता-मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।<br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या १८ जना रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल-आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सहजकर्ता-बालबालिका अनुपात **१: १३।८८** रहेको छ, एक जना सहजकर्ता बालशिक्षिका बराबर लगभग १४ जना बालबालिका पर्न आउछ जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुयाएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| **आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १-८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो । यस स्थानीय तहमा आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ६ वटा रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या **१०७७** जना रहेको छ । भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ। |

| | |
|---|---|
| | लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी र जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता-मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या नरहेको अनुमान छ। विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ। विद्यार्थी-शिक्षक अनुपात औसत **१: १६** रहेको छ एक जना शिक्षक बराबर १६ जना विद्यार्थी पर्न आउँछ जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन। । भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ।<br>विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा-बहुतह (Multi-grade Multi-level) पठनपाठन सञ्चालन भइरहेको अवस्था छ। उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत-प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधि-आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ। सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु-अनुकूल विद्यालय विकासमा अझै सुधार |

| | |
|---|---|
| | आवश्यक देखिन्छ। लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ। |
| **माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा ९-१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो। यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या ४ वटा रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या **३२९** जना रहेको छ। भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ४५५ र ५५५ रहेको छ। अपाङ्गता भएका, दलित, आदिवासी रजनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या नरहेको अनुमान छ। शिक्षक-विद्यार्थी अनुपात औसत **१:१९.३५** रहेको छ। भने एक जन शिक्षक बराबर १९ जना विद्यार्थी पर्न आउछ जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन। । विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक र व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर गरेको छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुयाएको छ। सुरक्षित |

| | |
|---|---|
| | पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ। |
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ। यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसमा **साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सीप विकास तालिम** लगायतका पहलहरू समावेश छन्। हाल सम्म यो तहमा सहभागी साक्षर विद्यार्थी संख्या र निरक्षर जनसंख्या अनुमानित **४०६४** जना रहेको छ।<br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोर-किशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन्। यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुयाएको छ। तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।<br>आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारीसक्षम बनाउने उद्देश्य राख्दछन्। यस स्थानीय तहमा सञ्चालन भएका **कृषि, हस्तकला, सिलाइ-कटाइ, आईटी र प्रविधि र स्थानीय उत्पादन आधारित तालिम**मा सहभागीको सङ्ख्या रहेको छ। यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन्। |

| | |
|---|---|
| | सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ। धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन्। पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ।<br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुयाएका छन्। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ। यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुयाउनेछ। |

यस स्थानीय तहमा शिक्षा पहुँच विस्तार भएको देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ। प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ। अपाङ्गता भएका, दलित, आदिवासी र जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औँल्याउँछ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक-विद्यार्थी अनुपातको असमानता, बहुकक्षा र बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुयाउँछ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ। सुरक्षित, बालमैत्री र अपाङ्गता-मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ। जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुयाएको छ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ। तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि **गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन** मुख्य चुनौती बनेका छन्। यसका लागि **तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता** आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ।

## २ **सबल पक्षहरु**

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गता-मैत्री कक्षाकोठा निर्माण गरिएको छ। प्रारम्भिक तहमा खेल-आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुयाएका छन्।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासीरजनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन्। शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन्। शिक्षक-विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन्।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र क्षत्रृत उपकरण उपलब्ध गराइएका छन्। विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ। साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम मार्फत महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुयाइएको छ। आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन्।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक र समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ। विद्यालय र समुदायबीच

सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ। यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा **समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली** विकासमा महत्वपूर्ण योगदान पुयाएका छन् र अन्य स्थानीय तहका लागि नमुना रूपमा प्रस्तुत गर्न सकिन्छ।

## ३ शिक्षा क्षेत्रका समस्याहरू

- विद्यालयप्रति बालबालिकाको आकर्षण वृध्दि गर्न नसक्नु
- विद्यालय र समुदायको भौगोलिक दुरी
- विद्यालयमा पर्याप्त खेलमैदानहरुको अभाव हुनु
- अभिभावकहरुको सहरी क्षेत्रमा अस्थायी र स्थायी बसाइँ सराइ भैरहनु
- अभिभावकलाई नियमित विद्यालय भ्रमणको वातावरण नबन्नु

- विद्यालय शिक्षामा सबै बालबालिकालाई समान **पहुँच, सहभागिता र गुणस्तर** सुनिश्चित गर्न नसक्नु।
- बालकेन्द्रीत विद्यालय निर्माण गर्न नसक्नु
- विद्यार्थी मैत्री सिकाइ वातावरणका लागि शिक्षक तालिमको अभाव
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई **समावेशी सिकाइ वातावरण** उपलब्ध गराउन नसक्नु।
- पाठ्यक्रमले तोकेको **सिकाइ उपलब्धि** प्रभावकारी रूपमा हासिल गर्न नसक्नु।
- बालमैत्री विद्यालय निर्माण गरी **सिकाइ वातावरण सुधार** गर्न नसक्नु।
- स्थानीय पाठ्यक्रम निर्माण गरी **प्रभावकारी कार्यान्वयन** गर्न नसक्नु।
- विषयगत तथा कक्षागत शिक्षकको **दरबन्दी पर्याप्त नहुनु**।
- **सूचना तथा सञ्चार प्रविधि (ICT)** पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु।
- **साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर** पर्याप्त उपलब्ध गराउन नसक्नु।
- **वैकल्पिक सिकाइ कार्यक्रम** प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।
- विद्यालय र बालविकास केन्द्रको **भौतिक पूर्वाधार विकास** पर्याप्त नहुनु।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा त्यसको सकारात्मक प्रभाव पर्न नसक्नु
- **जलवायु(उत्थानशीलता) सुनिश्चित गर्न नसक्नु**।

## ४ अवसरहरू

- निःशुल्क शिक्षा व्यवस्था लागू हुनु
- संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु
- तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु
- स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ

## ५ चुनौतीहरू

- दुर्गम भेगमा शिक्षक टिकाउन कठिन
- शिक्षकलाई यस पालिका र पालिकामा समान वैतनिक व्यवस्था तर भौगोलिक विकटता हुनु
- रोजगारीको अभावले अभिभावकको अस्गायी बसाइसराइ हुनु
- दुरी, अभाव र अवस्था हेरि पारिश्रमिक व्यवस्था गर्न नसकिनु
- कमजोर भौतिक पूर्वाधार
- समान दरवन्दी वितरणको अवस्था नहुनु
- आवासीय विद्यालयको आवश्यकता हुनू र त्यसको कार्यान्वयन गर्न नसकिनु
- लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातरजाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन
- जनसाङ्ख्यिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन

- स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न कठिन
- विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन
- दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याकंन प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिन
- विपद्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी
- जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न कठिन,
- सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती,
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन

## चुनौति सामना गर्ने रणनीति र योजना

### समग्रमा

शिक्षामा लगानी विस्तार, नियमित अनुगमन तथा शिक्षा नीतिमा समसामयिक सुधारका लागि कार्ययोजना निर्माण गरी लागु गर्ने ।

अंशत: निम्न कार्यहरु गर्ने

- दुर्गम भेगमा शिक्षक टिकाउन कठिन प्रोत्साहन भत्ता व्यवस्था
- रोजगारीको अभावले अभिभावकको अस्गायी बसाइसराइ नियन्तत्रण गर्न गाउँमा स्वरोजगार प्रवर्धन
- आवासीय विद्यालयको आवश्यकता परिपूर्ति
- स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ दूरदृष्टि:

गुणस्तरीय, प्रविधिमैत्री र विश्वस्तरीय जनशक्ति उत्पादन

रुवी भ्याली गाउँपालिको शैक्षिक प्रवर्धन

२.२ लक्ष्य:

- समावेशी, नवप्रवर्तनशील र जीवनोपयोगी शिक्षामार्फत सीप, प्रविधि र मूल्यमा आधारित प्रतिस्पधी तथा जिम्मेवार जनशक्ति उत्पादन गर्ने

२.३ उदेश्य

क .सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

ख. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु।

ग.अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु।

घ.पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु।

ङ. बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु।

च. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

छ. विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु।

ज. सूचना तथा सञ्चार प्रविधि (क्षत्रृत) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु।

झ.साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु।

ञ वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

ट. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु(उत्थानशीलता सुनिश्चित गर्नु।

## २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| १. सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | १.बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | २ . विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने। |
| | ३. अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने। |

| | |
|---|---|
| | ४. बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने गर्ने। |
| | ५. बालबालिकाको नियमित उपस्थितिका लागि स्थानीय जागरूकता कार्यक्रम सञ्चालन गर्ने। |
| २. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | १ बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने। |
| | २ शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने। |
| | ३ विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने। |
| | ४ लैङ्गिक र सामाजिक समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| | ५. समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| ३. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन गर्नु | १.अपाङ्गता-मैत्री पूर्वाधार निर्माण गर्ने। |
| | २. सहायक सिकाइ सामग्री उपलब्ध गराउने गर्ने। |
| | ३. शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने। |
| | ४. लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | ५.अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत पार्ने गर्ने। |
| ४. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु | १. शिक्षक-विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने। |
| | २. सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने। |
| | ३. पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | ४. शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने। |
| | ५. सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने। |
| ५.बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | १. सुरक्षित, बालमैत्री र अपाङ्गता-मैत्री कक्षाकोठा निर्माण गर्ने। |
| | २. खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने। |
| | ३. बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने। |

| | |
|---|---|
| | ४. विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | ५.विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने। |
| ६. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | १. समुदाय र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रम विकास गर्ने। |
| | २. स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | ३.शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने। |
| | ४. पाठ्यक्रम कार्यान्वयन अनुगमन र सुधार गर्ने। |
| | ५.विद्यार्थीको सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने। |
| ७ विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | १. आवश्यक शिक्षक दरबन्दी पहिचान र पूर्ति गर्ने। |
| | २. विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने। |
| | घ। शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने। |
| | ३.शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने। |
| | ४. शिक्षक-विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने। |
| ८. सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | १. विद्यालयमा ICT उपकरण र इन्टरनेट सुविधा उपलब्ध गर्ने। |
| | २ शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने। |
| | ३. डिजिटल सामग्री र प्रविधि आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने। |
| | ४ ICT प्रयोग अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने। |
| | ५ स्थानीय समुदायमा ICT-सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने। |
| ९.साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | १. समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने। |
| | २. महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने। |
| | ३. शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने। |
| | ४. स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने। |
| | ५.जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने। |
| | १. स्कूल बाहिरका बालबालिका र किशोर-किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| १०.वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | २. समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने। |
| | ३. वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने। |
| | ४. स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने। |
| | ५.शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने। |
| ११. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु(उत्थानशीलता सुनिश्चित गर्ने | १. कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने। |
| | २. विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने। |
| | ३.पूर्वाधारको नियमित मर्मत-सम्भार सुनिश्चित गर्ने। |
| | ४.स्थानीय समुदाय र संघरसंस्थासँग सहकार्य गर्ने। |
| | ५.भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने। |
| | ६. बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने। |
| | ७. जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने। |
| | ८.शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने। |
| | ९.विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने। |

## २.६ अपेक्षित उपलब्धिः

क .सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

ख. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गरिनेछ ।

ग.अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ ।

घ.पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ ।

ङ. बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार आउनेछ ।

च. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

छ. विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित हुनेछ ।

ज. सूचना तथा सञ्चार प्रविधि (क्षत्रृत) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ ।

झ.साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध हुनेछ ।
ञ वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनेछ ।
ट. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु(उत्थानशीलता सुनिश्चित बन्नेछ ।

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

## मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | **१। प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (५) | स्थानीय | ८८ | ९० | ९५ | ९९ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८६.४** | **८९.५** | **९४.** | **९९.** | **फ्ल्यास रिपोर्ट** |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका८ (५) | स्थानीय | ६९ | ७४ | ८६ | ९६ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **६८७** | **७३.** | **८५.** | **९५.** | **फ्ल्यास रिपोर्ट** |
| | **२। आधारभूत शिक्षा (कक्षा १ ( ८)** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (५) | स्थानीय | ९३ | ९६ | ९८ | १०० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९६.८** | **९७.५** | **९९.** | **१००** | **फ्ल्यास रिपोर्ट** |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (५) | स्थानीय | १२१ | ११४ | १०६ | १०४ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.** | **१०७.** | **१०५.** | **फ्ल्यास रिपोर्ट** |
| २.३ | आधारभूत तह ( प्राथमिक कक्षा १(५) मा खुद भर्ना दर८ (५) | स्थानीय | ९८ | ९८।५ | ९९ | १०० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.** | **९९.५** | **१००** | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल.४ ( ने.रा.का.)** |
| २.४ | आधारभूत तह ( प्राथमिक कक्षा १(५) मा कूल भर्ना दर८ (५) | स्थानीय | **११५** | **११२** | **१०८** | **१०४** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | **११८.५** | | | | |
| | | राष्ट्रिय | **११८** | **११५** | | | **फ्ल्यास रिपोर्ट** |
| २.५ | आधारभूत तहको | स्थानीय | ९७ | ९८ | ९९ | १०० | स्थानीय शिक्षा शाखा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ५ को खुदप्रवेश दरद (५) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | **फ्ल्यास रिपोर्ट** |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दरद (५) | स्थानीय | ११५ | **१११** | **१०७** | **१०५** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **११३.** | **११०.** | **१०७.** | **१०५.** | **फ्ल्यास रिपोर्ट** |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दरद (५) | स्थानीय | **४६** | **७०** | **८०** | **९८** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | **९३.३** | | | | |
| | | राष्ट्रिय | **९३.** | | | | |
| २.८ | आधारभूत तह ( प्राथमिक कक्षा ५) पूरा गर्ने दरद (५) | स्थानीय | **८९** | **९४** | **९७** | **१००** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | **८२.९** | | | | |
| | | राष्ट्रिय | **८५.८** | **९३.१** | **९५.५** | **९९.५** | **फ्ल्यास रिपोर्ट** |
| २.९ | आधारभूत तहमा ( प्राथमिक कक्षा १( ५)मा भर्ना भएका ५( ९ वर्ष उमेर भन्दा माथिका | स्थानीय | **२४** | २० | १५ | १० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **२२.२** | **२०.** | **१५.** | **१०.** | |
| | | | | | | | **फ्ल्यास रिपोर्ट** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालबालिकाट (५) | | | | | | |
| | | | | | | | |
| २.१ | आधारभूत तह ( प्राथमिक कक्षा १(५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्कट | स्थानीय | १.०९ | १.०७ | १.०४ | १०१ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | ज्ञाण्ज्ञ | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १(८) मा खुद भर्ना दरट (५) | स्थानीय | ९३ | ९७ | ९९ | १०० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९. | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १(८) मा कूल भर्ना दर (५) | स्थानीय | ११० | १०७ | १०४ | १०२ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दरट (५) | स्थानीय | ४०.६९ | ५५ | ८० | ९९ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ | स्थानीय | ३९.५३ | ६०.५० | ८०.६० | ९९.५० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर८(५) | राष्ट्रिय | | **७२.७** | | | **दि.वि.ल.४ ( ने.रा.का.)** |
| | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १(८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक८ | स्थानीय | १.१२ | १.०८ | १.०५ | १.० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | **फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो.** |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका८ (५) | | स्थानीय | | | | स्थानीय शिक्षा शाखा |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | **२.९** | **१.** | **दि.वि.ल.४ ( ने.रा.का.)** |
| २.२ | आधारभूत तह (कक्षा १(८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या८(५) | | स्थानीय | २२।०५ | ४४ | ५० | स्थानीय शिक्षा शाखा |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | **४३७** | **४५..** | **५०.** | **फ्ल्यास रिपोर्ट** |
| | | | | | | | **पन्ध्रौं योजना** |
| | | | | | | | **दि.वि.ल.४ ( ने.रा.का.)** |
| | | | | | | | |
| | | | | | | | |
| | ३। **माध्यमिक शिक्षा (कक्षा ९(१२)** | | | | | | |
| ३.१ | | | स्थानीय | ६२ | ६८ | ८५ | स्थानीय शिक्षा शाखा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९( १२) मा खुद भर्ना दर८ (५) | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६.. | फ्ल्यास रिपोर्ट<br>पन्ध्रौं योजना |
| ३.२ | माध्यमिक तह (कक्षा ९( १२) मा कूल भर्ना दर८ (५) | स्थानीय | ३१.१३ | ५० | ८५ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल.४ ( ने.रा.का.) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक८ (कक्षा ९(१२) | स्थानीय | १.०० | १.०० | १.०० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १. | पन्ध्रौं योजना<br>वि.वि.यो<br>दि.वि.ल.४ ( ने.रा.का.)समीक्षा |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर८ (५) | स्थानीय | ९१.८९ | ९७.८९ | ९९.५० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | फ्ल्यास रिपोर्ट |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (५) | स्थानीय | ६० | ७५ | ९५ | सनीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | फ्ल्यास रिपोर्ट |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (५) | स्थानीय | ४७.६९ | ६५.६९ | ९०.५० | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | २४. | | | **फ्ल्यास रिपोर्ट** |
| ३.७ | माध्यमिक तह (कक्षा ९( १२) मा कार्यरत महिला शिक्षक सङ्ख्या८ (५) | स्थानीय | ५.८८ | १८.५० | २८.९ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल.४ ( ने.रा.का.)** |
| **४. जीवन(पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (५) | स्थानीय | **५८.२ ७** | **७८.२७** | **९८२७** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | **५८** | | **९५.** | **पन्ध्रौं योजना** |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (५) | स्थानीय | **६१.३** | **९०** | **९९** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | **८२.** | **८९.** | **९५.** | **दि.वि.ल.४ ( ने.रा.का.)** |
| ४.३ | साक्षरता दर (१५(२४ उमेर समूह) (५) | स्थानीय | **५९७** | **८९** | **९९** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | **९२.** | | **९९..** | **पन्ध्रौं योजना** |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | **०.७०** | **०.८९** | **०९८** | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **दि.वि.ल.४ ( ने.रा.का.) समीक्षा** |

| ६। सुशासन तथा व्यवस्थापन | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.१ | आधारभूत तह (कक्षा१(५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १२:१ | २०:१ | ३०:१ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | **फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना** |
| ६.२ | आधारभूत तह (कक्षा६(८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ३९ | ३९ | ४० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | **फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना** |
| ६.३ | आधारभूत तह (कक्षा१(८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १६:१ | २९:१ | ३३:१ | स्थानीय शिक्षा शाखा |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | **पन्ध्रौं योजना** |
| ६.४ | माध्यमिक तह (कक्षा ९(१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १६:१ | ३०:१ | ३३:१ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | **फ्ल्यास रिपोर्टपन्ध्रौं योजना** |
| ६.५ | माध्यमिक तह (कक्षा९(१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ३७:१ | ३८:१ | ३९:१ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | **पन्ध्रौं योजना** |

## परिच्छेद ३ :
## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

**परिचयः**

**प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या १८ वटा रहेका छन् भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या IEMIS अनुसार २५० जना रहेको छ। केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।

लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी र जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ । अपाङ्गता-मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन् ।

प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या १८ जना रहेका छन् । अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल-आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ । सहजकर्ता-बालबालिका अनुपात **१**: १३.८८ रहेको छ, जुन केही केन्द्रमा मापदण्ड अनुकूल छैन।
नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् । पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची-१ मा दिइएको छ ।

## स्थानीय तहको प्रारम्भिक बालविकास  शिक्षाको वर्तमान अवस्था

यस रुवी भ्याली गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ। यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि जस्ता कुराहरू शिक्षा योजनामा समेटिएका छन् । रुवी भ्याली गाउँपालिकामा

सामुदायिक विद्यालय तर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या १८ ओटा सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार रुवी भ्याली गाउँपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ५७ प्रतिशत रहेको देखिन्छ ।

पूर्व प्राथमिक कक्षाको विद्यार्थीहरूको विवरण

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | सामुदायिक | ११३ | १३७ | २५० | |
| | जम्मा | ११३ | १३७ | २५० | |

उद्देश्य:

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,
- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

- बाल सहजकर्ताको क्षमता अभिवृध्दि गर्ने र बालविकास केन्द्रहरुलाई खेल सामग्री र अन्य सुविधायुक्त बनाउने ।

### ३।१।६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

प्रमुख नतिजा:

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्गसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

### प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम | पटक | १ | १ | १ | १ | | ५ | १० |

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| | मापदण्ड प्रबोधिकरण गर्ने | | | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन समायोजनर पुनर्वितरण | पटक | १ | | १ | | १ | ३ | ६ |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग को सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | २ | २ | २ | २ | २ | १० | १० |
| ६ | बालबालिका को | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० |

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| | अभिलेखीकरण गर्ने | | | | | | | | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिका का लागि आवशीय योजना | वटा | | १ | १ | | १ | ३ | ६ |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | २० | | | | | | नियमित |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ११ | पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाई तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम | वटा | २ | २ | २ | २ | २ | १० | १० |

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| | मापदण्डमा सुधार गर्ने | | | | | | | | |
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नियमित |
| १३ | बालबालिका को स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिका को आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १० |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० |

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिका लाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | बालबालिका को शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १८ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| | सरकारी सङ्गसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | | | | | | | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | सहयोगी (आया) को व्यवस्था | जना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| २१ | प्रारम्भिक वालविकास तथा शिक्षकको सेवा तथा सुविधामा वृद्धी गर्ने | संख्या | ३० | ३० | ३० | ३० | ३० | संघको निर्णय अनुसार | |
| २२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुस्तकालय व्यवस्था | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| २३ | प्रारम्भिक बालविकास सहजकर्ताको | जना | | १ | १ | १ | | ३ | ६ |

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३:८४ | २०८४:८५ | २०८५:८६ | २०८६:८७ | २०८७:८८ | जम्मा | दश वर्षको लक्ष्य ०९२ |
| | थप कोटाको व्यवस्थापन | | | | | | | | |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

रुवी भ्याली गाउँ पालिका भौगोलिक हिसावले पहाडी र हिमाली क्षेत्रमा पर्दछ। यसको अवस्थिति मध्यपहाडी भूगोलदेखि चिनको स्वशासित क्षेत्र तिब्बतसम्म फैलिएको छ। वर्तमान शिक्षा दुई धार भएको हतियार जस्तै हुनु पर्दछ। एकातर्फ स्थानीय ज्ञान सीप र चेतनाले वर्तमान जनशक्ति ओतप्रोत हुनु पर्दछ भने अर्कोतर्फ विश्वभर विक्न, टिक्न र उन्नति गर्नसक्ने हैसियत भएका नागरिक उत्पादन गर्ने लक्ष्य शिक्षाले लिनु पर्दछ। रुवी भ्याली गाउँ पालिको दीर्घकालीन शिक्षाको लक्ष्य त्यसै अनुसार निर्धारित छ।

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ। राज्य सञ्चालनमा विश्वका प्रायः सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ। शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो। शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ। नागरिकको सर्वाङ्गिण विकासको आधार नै शिक्षा हो। शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजी हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सवल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ।शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो। त्यस्तो पुँजी परिचालनले समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ।शिक्षाका उल्लेखित मार्गदर्शन पूरा गर्ने आधार आधारभूत शिक्षाको कुशल सफल मितव्ययी समावेशी र समन्यायिक व्यवस्थापन हो। शिक्षाको आधार नै आधारभूत शिक्षा हो।आधारभूत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयन्त्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनी व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधान २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ।नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड

८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ ।संविधानको अनुसुची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८ संशोधन सहित शिक्षा नियमावली संशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली संशोधन सहित २०५७ को व्यवस्था गरिएको छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ ।सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकून् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनितश्चितता गर्ने । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं.२०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुयाउने लक्ष्य निर्धारण गरिएको छ ।चालु १५औं पञ्वर्षिय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवर्द्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ ।

## ३.२.२ वर्तमान अवस्थाः

यस रुवी भ्याली गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ। यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि जस्ता कुराहरू शिक्षा योजनामा समेटिएका छन् । रुवी भ्याली गाउँपालिकामा सामुदायिक विद्यालयतर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या १८ ओटा सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार रुवी भ्याली गाउँपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ५७ प्रतिशत रहेको देखिन्छ ।

पूर्व प्राथमिक कक्षाको विद्यार्थीहरूको विवरण जसले आधारभूत तहको जग निर्माण गरिरहेको छ

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | सामुदायिक | ११३ | १३७ | २५० | |
| | जम्मा | ११३ | १३७ | २५० | |

## ३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
- आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नु
- स्थानीय भाषा संस्कृति र रैथाने ज्ञान पनि विद्यालय तहबाट प्रारम्भ गराउनु ।

## ३.२.५ रणनीतिहरू

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने
- अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने
- शिक्षण सिकाइ प्रविधिमा आवश्यक परिमार्जन गर्ने
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चाल नगर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिकपरामर्श उपलब्ध गराउने

- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन,
- भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, संकटत था महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गरी लागु गर्ने
- स्थानीय भाषा संस्कृति र रैथाने ज्ञान पनि विद्यालय तहबाट प्रारम्भ गर्ने गराउने
- सांस्कृतिक जागरण र अध्ययन गर्ने गराउने

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**प्रमुख नतिजाः**

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुने

- न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु भएको हुने
- स्थानीय भाषा संस्कृति र रैथाने ज्ञान पनि विद्यालय तहबाट प्रारम्भ गरिएको हुने

## प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्रासं। | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | १ | १० | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | २०५ | मा।ि वार आधारभूत तह |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | ८० | | ८० | | | १६० | | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | ७ | ७ | ७ | | | २१ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | दुई कोठे भवन | २ | २ | २ | २ | २ | १० | | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षक क्षमता विकास | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्या लय | २ | २ | २ | २ | २ | १० | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्या लय | २२ | | | २२ | | ४४ | | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | जना | ४४४७ | ४४४७ | ४४ ४७ | ४४४ ७ | ४४४ ७ | २२३ ५ | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | १० | १० | १० | १० | १० | ५० | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | ४४४७ | ४४४७ | ४४ ४७ | ४४४ ७ | ४४४ ७ | २२३ ५ | | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्या लय | १५ | | | १५ | | ३० | | |
| १६ | विपन्नकालागि ड्रेस, स्टेशनरी छात्रबृत्ति | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| १९ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | जना | २२ | २२ | २२ | | | ६६ | | |
| २१ | अभिभावक अभिमुखिकरण र सहभागिता | विद्या लय | | २२ | | २२ | | ४४ | | |
| २२ | अतिरिक्त क्रियाकलाप सञ्चालनगर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २३ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

रुवी भ्याली गाउँ पालिका धादिङ जिल्लाको सांस्कृतिक रुपले सम्पन्न क्षेत्र हो । तामाङ तथा लामाहरुको यस क्षेत्रभरिकै निकै पुरानो वस्ती हो भन्ने तथ्यलाई यहाँका म्हन्दङ, गुम्वाहरु, पुराना दरवारहरुले पुष्टि गरिरहेका छन् । हाम्रो माध्यमिक तह उतीर्ण जनशक्तिले यहाँका सम्पदा, संस्कृति र इतिहासको बोध गर्न सक्नुपर्दछ । त्यसका लागि यस शिक्षा योजनाले पृष्ठपोषण दिनुका साथै भविष्यका लागि तयारी पनि गराउँदछ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा व्यवसायिकतामा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि।स। २०७७ वाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।
राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पधी सिपयुक्त एवं उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

रुवी भ्याली गाउँपालिकाभित्र सामुदायिक विद्यालयतर्फ कक्षा १ देखि १० सम्म सञ्चालित २ ओटा र कक्षा १ देखि १२ सञ्चालित २ ओटा विद्यालय गरी ४ ओटा माध्यमिक विद्यालय रहेका छन् । संस्थागत तर्फ कक्षा १ देखि १० कुनै पनि विद्यालय सञ्चालित छैनन् । यहाँ प्राविधिक धारका र संस्कृत वा गुम्बा शिक्षा दिने विद्यालयहरु पनि छैनन् ।

यहाँ माध्यमिक तहका स्थायी शिक्षक दरबन्दी छैनन् त्यसै पनि माध्यमिक तहका शिक्षकहरु टिकाउन मुश्किल छ । विद्यालयको प्रशासन राहत र शिक्षकहरु वा अनुदानको भरमा चल्नुपर्ने बाध्यता छ । योग्यता पुगेका प्रधानाध्यापकहरु बनाउने मापदण्ड निर्धारण गर्न पनि कठिन छ त्यसका लागि संघ सरकार र प्रदेश सरकारले ध्यान दिनुपर्ने अवस्था पनि छ ।

माध्यमिक तहको विद्यार्थी सङ्ख्या

| | विद्यालयको प्रकार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| कक्षा ९-१० | सामुदायिक | ११० | १२२ | २३२ |
| | संस्थागत | ० | ० | ० |
| | जम्मा | ११० | १२२ | २३२ |
| कक्षा ११ र १२ | सामुदायिक | ५५ | ४२ | ९७ |
| | संस्थागत | ० | ० | ० |
| | जम्मा | ५५ | ४२ | ९७ |
| कुल जम्मा | | १६५ | १६४ | ३२९ |

### ३.३.४ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु
- प्राविधिक र व्यवसायिक ज्ञान तथा सीप सिकेर आत्मनिर्भर बन्दै जानु
- आफ्नो जन्मस्थलप्रति गर्व गर्ने र कर्तव्य निर्वाह गर्ने बन्दै जानु

### ३.३.५ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- प्राविधिक धारका विद्यालय सञ्चालनको आधार तयार गरी प्रारम्भ गर्ने
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।
- आवधिक प्रकृतिका पर्यटन, जडिबुटी प्रशोधन जस्ता विषयको पाठ्यक्रम निर्माण गरी प्रशिक्षित गर्दै जाने ।
- हप्तामा एक दिन सीपमूलक सिकाइ प्रारम्भ गरिने
- स्थानीय पाठ्यक्रमलाई माथिल्लो तह सम्म बिस्तार गर्ने

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजाः**

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,
- प्राविधिक धारका विद्यालयहरु सञ्चालित हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्युनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
- माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,

- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने।
- आवधिक प्रकृतिका पर्यटन, जडिबुटी प्रशोधन जस्ता विषयको पाठ्यक्रम निर्माण गरी प्रशिक्षित गर्ने र व्यवसायिक जनशक्ति तयार हुने
- हप्तामा एकदिन सीपमूलक शिक्षा प्रारम्भ हुने

## माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ | २०८६-८७ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र रुवी भ्यली |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | रुवीभ्याली गा पा |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | निरन्तर | | | | | | | संघ प्रदेश र गा पा |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास ( भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक<br>विद्यालय | १ | २ | २ | १ | १ | ७ | १५ | सङ्घ प्रदेश स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | | २० | ( | ( | ( | २० | ४० | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | जना | | २२ | २२ | ( | ( | ४४ | ४४ | प्रदेश तथा स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाइ प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | | १ | | | | १ | २ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | २ | २ | १ | ७ | १४ | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | ९ र १२ | | नियमित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | नियमित | |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | | |
| १४ | कक्षाकोठामा धारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १ | २ | ३ | १ | ७ | १४ | |
| १६ | आबधिक र सीपमूलक पाठ्यक्रम निर्माण र प्रयोग | पालिका शिक्षा शाखा | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १७ | प्राविधिक धारका पर्यटन, आयुर्वेद तथा इन्जिनियरिङ विषयहरुको स्वीकृति र प्रारम्भ | पालिका शिक्षा शाखा | | | | | | | २ | संघ प्रदेश र पालिका |
| १८ | शैक्षिक सम्मेलन | पालिका शिक्षा शाखा | १ | | | | | १ | २ | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |

## अनौपचारिक तथा आजिवन सिकाई

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन । आफ्नो जीवनको इतिहास

आफै लेख्छन । तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।
संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ ।

रुवी भ्याली गाउँ पालिकाको साक्षरता दर पनि तुलनात्मक रुमा कमजोर नै र माथि उठाउनु पर्ने आवश्यकता छ । एका तिर सभ्यताको आधार विन्दु नै शिक्षा भएकाले नागरिक शिक्षित नभएसम्म हामी सभ्यताको माथिल्लो स्तर पुग्न कठिन नै हुन्छ भने अर्कोतिर शिक्षाको अभावमा आफ्ना देनिकी सञ्चालन गर्न पनि आम नागरिकलाई कहर नै हुन्छ । त्यसका लागि पालिकाले अनौपचारिक र जीवनपर्यान्त शिक्षा र जीवनका लागि आधारभूत सीपहरुका कार्यक्रम निरन्तर सञ्चालन गरिरहने प्रतिबध्दता आम नागरिक सामू व्यक्त गरिसकेको छ ।

यसका लागि अनौपचारिक तथा आजीवन सिकाईको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०८२–२०८७ ले अनौपचारिक शिक्षा र आजीवन सिकाईका लागि १० वर्षभित्र निरन्तर सिकाईमा संलग्न समाज एव सिकाई संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाईको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतिहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

पाल्पा जिल्लामा विभिन्न गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा सञ्चालन हुँदै आएका छन । यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू

विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसँग समेत जोडी महिलाको समुह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिए । गाउँगाउँमा महिलाहरूको समुह बनाइ आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिऊ पूँजी वितरण गरियो । समुहको महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्युनतम ब्याजमा त्यो रकमलाई वितरण गर्न र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहदै आयो । सामुदायिक सिकाई केन्द्रहरूले अनौपचारीक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनु पर्दथ्यो त्यति प्रभावकारी हुन सकेन । तर पनि रुवी भ्याली गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ५८.७ प्रतिशत रहेको छ । गाउँपालिकामा ३ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छन ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा र शाखाहरूले अनौपचारिक तथा जीवनप्रयन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाईको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाईको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुनेसकेको देखिदैँन । आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन नसकिरहेको अवस्था छ ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. अनौपचारिक तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

२. सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषत: समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

४. उमेर पुगेका र औपचारिक शिक्षा नलिएका व्यक्तिहरुलाई आनौपचारिक शिक्षा, सीपमूलक शिक्षा दिएर औपचारिक शिक्षाको आधार तयार गर्नु

### ३.४.४ रणनीतिहरू

१. गाउँपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ ।

२. सामुदायिक सिकाई केन्द्रलाई सदृढिकरण गरी अनौपचारीक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

४. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिने छ ।

५. सामुदायिक सिकाई केन्द्रहरु मार्फत मठ, मन्दिर,गुम्बा जस्ता सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड दिइने छ ।

६. सामुदायकि सकिाइ केन्द्रहरूको समायोजन तथा पुनर्वतिरण गर्ने ।

७। सामुदायकि सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।

८. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधिता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

९. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।

१०. सामुदायकि सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारति आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

११. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

**सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपयन्त सिकाईको अवसर प्राप्त हुनेछ ।**

ख) प्रमुख नतिजा

१) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने

२) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने

३) सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

४) सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

५) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहचिान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

६) अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सामुदायिक सिकाई केन्द्रहरुको | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षमता अभिबृद्धि | | | | | | | | | |
| सामुदायिक सिकाई केन्द्रहरुको व्यवस्थापन अनुदान | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| आजिवन सिकाईका कार्यक्रमहरु सामुदायिक ि सकाई केन्द्र मार्फत सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सीप विकास र आयआर्जन का कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सामुदायिक सिकाई केन्द्र थप | वटा | २ | २ | १ | ० | ० | ५ | | |
| तह १ र २ को अनौपचारिक सिकाईको माध्यमबाट | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सिकेका ज्ञान सीपलाई प्रमाणिकरण | | | | | | | | | |
| अनौपचारिक तथा आजिवन सिकाईको तथ्यांक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पटक |
| अनौपचारिक तथा सीपमूलक ३ महिने मागमा आधारित कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पटक |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र बौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् ।

मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअर्न्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ । सोही व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा २०७९ सालमा सेरोफेरो नामक स्थानीय पाठ्यक्रमको विकास गरिएको थियो ।

पाठ्यक्रमले शिक्षकलाई शिक्षण गर्न खाका प्रदान गर्छ । उक्त पाठ्यक्रम सबै विद्यार्थीहरूसँग पुगेको हुँदैन र शिक्षकलाई समेत शिक्षण क्रियाकलाप सञ्चालन गर्न पाठ्यपुस्तक नहुँदा कठिनाइ हुन्छ । पाठ्यपुस्तक विद्यार्थी र शिक्षक दुवैका लागि महत्वपूर्ण र सजिलो सिकाइ सामग्री हो । त्यसैले रुवी भ्याली गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन कार्य थालनी गरेको छ । पहिलो पटक कक्षा ५,७ र ८ शिक्षक स्रोत सामग्रीको रुपमा हाम्रो रुवी भ्याली स्थानीय विषयको पाठ्यपुस्तक लेखन कार्य २०८१ सम्पन्न भएर विद्यालयका शिक्षकहरुलाई उपलब्ध गराइएको छ ।

### ४.१.३ उद्देश्य

- विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु
- पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

आवश्इक समयमा स्थानीय पाठ्यक्रम पुनरावलोकन गर्नु

### ४.१.४ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्ने
- शिक्षकको पेसागत सक्षमता विकास गर्ने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तको विकास एवम कार्यान्वयन गर्ने
- स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

| क्रा सा | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३-८४ | २०८४ -८५ | २०८५-८६ | २०८६-८७ | २०८७-८८ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखिकरण | सङ्ख्या | ३० | | | | | ३० | ६० | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | | | ३० | | | ३० | ६० | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ३ | शिक्षक पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | २ | ४ | ३ | ४ | ५ | १८ | ४० | विद्यालय,पालिका शिक्षा शाखा |
| ७ | सूचना प्रविधिको प्रयोग र अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,पालिका शिक्षा शाखा |
| ८ | नि:शुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,पालिका शिक्षा शाखा |
| १० | माध्यम भाषाको रुपमा मातृभाषको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,पालिका शिक्षा शाखा |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,पालिका शिक्षा शाखा |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैस् विसङ्केतन किताव, ठूलो किताव, बाह्रखरी चार्ट, वर्ण तथा भ्ज्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालय का कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय,पालिका शिक्षा शाखा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास र कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,पालिका शिक्षा शाखा |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,पालिका शिक्षा शाखा |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | | | १ | | २ | | विद्यालय,पालिका शिक्षा शाखा र शि वि स इ |

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुने छ।

## प्रमुख नतिजाः

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।
- आवधिक पाठ्यक्रम निर्माण र कार्यान्वयन हुने
- जन्मभूमिप्रति गौरव गर्ने नागरिक तयार हुने

## पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण कार्य हो। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

आधारभूत तहमा विद्यार्थी सङ्ख्याको आधारमा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १:४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम,कार्यशाला ,सेमिनार कनफरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति

शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य  पुरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था

### ४.२.३ उद्देश्य

- विषयगत र कक्षागत रुपमा शिक्षक दरवन्दी व्यवस्थापन गर्नु
- विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलानरपुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान ,पुनर्वितरण तथा व्यवस्थापन गर्ने।
- रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने।

- शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

  रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने ।

  - नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।
  - शिक्षकले कक्षा काठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।
  - कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

**प्रमुख नतिजाः**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्तिविकासका लागि परादर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | आवश्यकतानुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | १ पटक | | | | | | | १ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | १ पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विज्ञान प्रयोशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | असल अभ्यासको अवलोकन भ्रमणको निर्देशिका निर्माण र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | पटक | १ | | | | | | | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । कोटहीमाइ गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा मधेशी, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस गाउँपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो । यस गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राम्हण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैगिक विभेद विद्यमान छ । बालबालिकाहरु विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ। यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अथपूर्ण सहभागितामा कार्य गर्दै सिकाई सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्तो बाधाहरु ठाउँ पिच्छे फरक छन । यस्ता चुनौतिहरु हटाइ विविधता अनुकुल हुने गरी शिक्षामा सबैका सहज पहुँच सहभागिता

तथा सिकाईका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम सञ्चालनगर्न आजको आवश्यकता हो ।

## ४.३.२ वर्तमान अवस्था

गाउँपालिकामा समुदायमा आधारित बाल विकास सहित २१ वटा विद्यालयहरु संचालनमा रहेका छन । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन । कतिपय विद्यालयहरुमा शारिरीक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच बृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोटिङ नभएकाले संख्या कम देखिन गएको छ । ती बालबालिकाहरु विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु, असाध्य रोगहरुबाट पीडित बालबालिकाहरु अभिभावक र सहाराबिहीन बालबालिकाहरु रहेको समुदाय छ । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेका छैन । त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैरआवासीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । खासगरी आधारभूत तहको कक्षा १–८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुको छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षामा भर्ना गरेर शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।

## ४.३.३ उद्देश्य

१ लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,

२ लक्षित समूहका बालबालिकाहरुको सिकाई सहभागितामा बृद्धि तथा सिकाई उपलब्धी सुधार गर्नु,

३ समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइलाई न्यूनीकरण गर्नु ।

## ४.३.४ रणनीतिहरू

१.घरधुरी सर्वेक्षण गरी  बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।

२.सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।

३.साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।

४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।

५.समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।

६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ ।

७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।

८. विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

९.प्रत्येक विद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने छ ।

१०.सबै तह र प्रकारका विद्यालयहरुमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गरिनेछ ।

११. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारका विवरण सङकलन गरी अद्यावधिक गरिनेछ ।

१२. साधारण विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गरिने छ ।,

१३.विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गरिनेछ ।

१४. समावेशी तथा समतामुलक पहुँच सुनिश्चितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।

१५. विद्यार्थीहरुलाई खासंगरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्युन गर्न सचेतनामुलक कार्यक्रमका साथ अनुगमन तथा निरिक्षण, अनुसन्धान गरिनेछ र विभद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइनेछ ।

१६. विद्यालयमा हुने सबै गतिविधिहरुमा बालबालिकाहरुको समावेशी सहभागिताको सुनिश्चितता गरिनेछ ।

## ४।३।५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुनेछ ।

### ख) प्रमुख नतिजा

१ अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूआदिको अभिलेख अद्यावधिक हुने ।

२ विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

३ लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।

४ विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

५ . अशक्त असहाय र भौतिक रुपमा नियमित विद्यालय जान नसक्ने बालबालिकाका लागि सुरक्षित र आवासीय विद्यालयमा व्यवस्थापन गरिनेछ ।

### प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | लक्षित वर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ४ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकता नुसार |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | | ३८ | |

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गाउँपालिका स्तरका अपांगता भएका बालबालिकाको तथ्यांक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| अपाङगता भएका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| लक्षित वर्गमा छात्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सिकाई सामाग्रीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विभेद अन्त्यका लागि सचेतना कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालयमा हुने विभेद, दुर्व्यवहार, हिंसा आदि रोकथामको लागि संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाईसँग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाई सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वष २०७७-२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।

### ४.४.२ वर्तमान अवस्था

गाउँपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयको लागि प्राथमिक उपचार सामाग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रुपमा वितरण गरिएको छ । हाल गाउँपालिका अन्तरगतका २१ वटा सबै विद्यालयहरुका तोकिएका कक्षाहरुका विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ । जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरु धेरै लाभान्वित भएका छन् ।

### ४.४.३ उद्देश्यहरु

१) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने
२) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्ने ।
३) अस्वस्थ्यता, अभाव र असहज वातावरणका कारण विद्यालय आउन छोड्ने बालबालिकाको अवस्था अन्त्य गर्ने

### ४.४.४ रणनीतिहरू

१ विद्यालयमा स्व्च्छता र पूर्ण सरसफाइका लागि निर्देशिका बनाएर लागु गर्ने साथै बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने ,
२ विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,
३ विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

४ विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

५ दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सकारात्मक प्रभाव पर्नेछ ।

#### ख) प्रमुख नतिजाहरू

१. विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानुनी प्रबन्ध हुनेछ त्यसका लागि स्थानीय खाद्य सामाग्री प्रयोग गर्ने किसिमले निर्देशिका र आचार संहिता निर्माण गरिनेछ ।

२. दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार हुनेछ ।

३. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त गर्नेछन् ।

४ सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

५. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त खानेपानी, साबुन तथा सफाई सामाग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्जिङ रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

६. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक किशारीहरुको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

७. विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छताको अब्बल स्थिति भएको हुनेछ ।

८.किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

९ सेनिटरी प्याड तथा फोहोर उत्सर्जनका लागि निश्चित क्षेत्र बनाइनेछ । कुँडा दान हरेक कक्षा तथा विद्यालय परिसरमा सहज किसिमले व्यवस्थापन गरिनेछ ।

१०। विद्यालय तथा पालिकामा स्वच्छता अनुगमन संयन्त्र बनाइनेछ । अनुगमन कार्यतालिका निर्माण हुनेछ र त्यसको निश्चित अवधिका प्रतिवेदन सार्वजनिक हुनेछ ।

११) हरेक वर्ष स्वच्छ नमूना विद्यालय घोषण गरिनेछ र पुरस्कृत हहुनेछन् ।.

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |
| विद्यालयहरुमा सेनेटरी प्याड लगायत सफाईका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका तथा विद्यालय |
| विद्यालयमा सरसफाईको लागि साबुन, पानी लगायतका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका तथा विद्यालय |
| खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका तथा विद्यालय |
| विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| दिवा खाजा अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| सेनिटरी प्याड तथा फोहोर उत्सर्जनका लागि निश्चित क्षेत्र बनाइनेछ । कुँडा दान हरेक कक्षा तथा विद्यालय परिसरमा सहज किसिमले व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका तथा विद्यालय |
| विद्यालय तथा पालिकामा स्वच्छता अनुगमन संयन्त्र बनाइनेछ । अनुगमन कार्यतालिका निर्माण हुनेछ र त्यसको निश्चित अवधिका प्रतिवेदन सार्वजनिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |
| हरेक वर्ष स्वच्छ नमूना विद्यालय घोषण गरिनेछ र पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |

## ४.५ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

रुवीभ्याली गाउँ पालिका प्राकृतिक विपदका हिसाबले जोखिमकै क्षेत्रमा पर्दछ । बाढी, पहिरो,रोगव्याधि जस्ता जोखिम बेला बेलामा देखिने गरेको छ। धेरै विद्यालयहरु बाढी पहिरोको उच्च जोखिममा छन् । बर्षात्को समयमा एक गाउँबाट अर्को गाउँमा जाने गोरेटाहरु बगेर ओहोर दोहोर गर्न कठिन हुन्छ र त्यस अवस्थामा महिनौं शैक्षिक क्षति परिरहेको छ ।
बिगतमा छोटो अवधिमा नेपालले शैक्षिक सङ्कटको कहर भोगेको थियो । कोरोना महामारीको त्राशदीय कालखण्ड, भूकम्पको डरलाग्दो जोखिममा पनि औपचारिक शिक्षाको क्रम अन्त्य भएन । त्यस अवस्थामा पनि रुवीभ्यालीका बालबालिकाहरुको शैक्षिक अधिकार सकेसम्म सुरक्षित नै रह्यो । त्यसैले सङ्कट र जोखिमको बेला शिक्षालाई कसरी व्यवस्थापन गर्ने भन्ने स्थायी नीति पालिकासँग हुनुपर्छ र हुनु बाञ्छनीय मात्रै होइन अनिवर्य पनि हो भन्ने बोध गरेर पालिकाले दीर्घकालीन नीति तय गर्नु जरुरी ठानेको हो ।

विश्वमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यका साथ र बालकालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदै सिकाईलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिनेछ । यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई संरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालनगर्ने रहेको छ। यस अवधारणा अन्तगत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएका हुनेछ ।
नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ । समय समयमा भएका नेपाल बन्द हडताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन् २०२१( २०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ। यस महत्वलाई मध्यनजर गर्दै पालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धीहरु समावेश गरिएको छ ।

## ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ । बृहत विद्यालय न्युनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाई पूर्वाधार, विपद जोखिम व्यस्थापन, विपद जोखिमका न्युनिकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत तथा विपदको समयमा समेत विद्यालय शिक्षालाई कायम राखि राख्नु पर्ने करालाई जोड दिएको छ ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्तो विपदले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन् । धादिङसमेत यो समस्याबाट अछुतो रहन सकेको छैन । विकट भौगोलिक अवस्था भएको पालिकाका विद्यालयहरु पनि विशेष  पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन् । Covid-19 का विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै तयार गरी आवश्यकताको आधारमा लागु गर्न तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिए तापनि यसको ठयाक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन । तर पनि विगतका अभ्यासहरुको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथ स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तादाम्यता मिलाउने ? योजना अल्पकालीन बनाउने कि दीर्घकालीन बनाउने भन्ने जस्ता चुनौतिहरु भने रही रहेका छन । यस्ता चुनौतिहरुलाई विचार गर्दै रुवीभ्याली गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आँकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरुलाई महत्वकासाथ सम्बोधन यस योजनामा सम्बोधन गरेको छ ।  ।

## ४.५.३ उद्धेश्यहरु

१) संकटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी जोखिमबाट बच्न पूर्वतयारी रहनु

२) शैक्षिक क्रियाकलापको निरन्तरताका लागि  पूर्व तयारी रहनु

३) सावधानी अपनाई सम्भावित शैक्षिक क्षति न्युनीकरण गर्नु।

४)विपद् प्रतिकार्य योजना बनाई लागु गर्नु ।

५)विपद् तथा संकटपूर्ण अवस्थामा पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु ।

### ४.५.४ रणनीति

1. प्रकोप, विपद, महामारीको पूर्वअनुमान अनुसार संघीय सरकारले बनाएको कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गर्ने ।
2. स्थानीय सरकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रुपमा बैकल्पिक सिकाई पाठ योजना तयार पार्ने ।
3. स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसंग समन्वय गर्ने ।
4. विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिने ।
5. स्थानीय विज्ञहरु समेत समेटी पालिकास्तरीय विपद व्यवस्थापन समिति बनाउने जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्य सम्पादन गर्ने ।
6. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
7. महामारीका समयमा शिक्षण सिकाईलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने ।
8. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
9. विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने ।
10. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने,
11. विद्यालयहरू आपतकालीन अवस्था, संकट र महामारीको समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तर कायम गर्ने,
12. Covid-19 जस्ता संकटले विद्यालय शिक्षामा पार्ने छोटो र लामो अवधीका प्रभाव पहिचान गरी तिनको सम्बोधन गर्ने,
13. विपद् पूर्व तयारी, प्रतिकार्य र अभ्यास (ड्रिल) कार्यक्रम विद्यालयको वार्षिक कार्ययोजनामा समावेश गर्ने,
14. विपत तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान र व्यवहारिक तालिम शिक्षक र विद्यार्थीहरूलाई प्रदान गर्ने ।
15. विद्यालय वा आफ्नो गाउँ वरपर सम्भावित जोखिमका क्षेत्रहरु परिचान गराई नक्सांकन गर्ने, संकेत गराउने र विपदको समयमा नजान अभ्यस्त बनाउने

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धी

1. आपतकालिन तथा संकटका समयमा समेत गाउँपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुले वैकल्पिक माध्यमबाट भएपनि सिकाईलाई निरन्तरता दिनेछन् ।

आ) नतिजा

1. विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भइ आवश्यकताका आधारमा लागु हुनेछ ।
2. प्रकोप महामारीमा समेत सिकाई निरन्तर हुनेछ ।
3. आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।
4. विद्यालय वा आफ्नो गाउँ वरपर सम्भावित जोखिमका क्षेत्रहरु परिचान गराइएको हुनेछ
5. सम्भावित विपद जोखिमका क्षेत्रहरुको नक्सांकन हुनेछ र , संकेत गराइएको हुनेछ
6. विपदको समयमा जोखिमपूर्ण क्षेत्र निषेधित बनाइनेछ ।

इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आपतकालिक संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थनीय सरकारको कार्यविधि विकास | पटक | १ | | | | | १ | २ | |
| २ | निर्देशनको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | | | | | | | | आवश्यकता अनुसार | |
| ३ | स्रोत शिक्षक तथा प्र.अ.लाई तालिम | पटक | १ | | | १ | | २ | | |
| ४ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | | १ | | | १ | २ | ४ | |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधि र निर्देशिका जारी | पटक | १ | | | | | | १ | |
| ७ | विद्यालय वा आफ्नो गाउँ वरपर सम्भावित जोखिम क्षेत्र नक्सांकन | पटक | १ | | | | | | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

रुवी भ्याली गाउँ पालिका धादिङको सुदूर उत्तरी भूगोलमा अवस्थित छ र यसको भूगोल उच्च पहाडी क्षेत्रमा भएकाले भौतिक संरचना निर्माणका लागि केही कठिन र महङ्गो पनि पर्नु स्वभाविक हो । समथर भूसतह नहुनु ,विगतमा शैक्षिक संस्थाहरुको उन्नयनमा कुनै नीतिगत व्यवस्था नहुनु र अनुदानको नियमित व्यवस्था नहुनुकै कारण विद्यालयको आर्थिक र भौतिक स्थिति अपेक्षानुकुल देखिंदैन तर बिस्तारै यस क्षेत्रमा गतिशील पाइलाहरु चलिरहेका छन् । परिवर्तन भैरहेको छ । अधिकांश विद्यालय भवन बनेका जग्गाहरु विद्यालयका नाममा छैनन् । भवन बनाउन योग्य समथर जमिन पनि छैनन् त्यसैले यहाँको विद्यालयहरु सुविधाजनक बन्न सकेका छैनन् । अबको समयमा सुविधाजनक भौतिक संरचना बन्नु आवश्यक छ । त्यसका लागि पनि ठोस नीतिगत व्यवस्था हुनु जरुरी भैसकेको छ।

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन यो योजनाले गरेको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय सामुदायिक विद्यालयतर्फ औसत भवन संख्या माध्यमिकमा ५ आधारभुत (कक्षा १ देखि ८) मा ३ र आधारभूत (कक्षा १ देखि ५) मा २ भवन रहेका छन् ।

सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन् भने करिब ४० विद्यालयमा महिला शिक्षक शौचालय छन । सबै विद्यालयमा आफ्नै खानेपानीको श्रोत रहेको छ भने सबैमा पानी शुद्धीकरणको व्यवस्था गरिएको छ । पालिका भरमा ३५ वटा विद्यालयमा पुस्तकालय, ३० वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ३० विद्यालयमा कम्प्युटर प्रयोगशाला र सबै विद्यालयमा इन्टरनेट पुगेको छ । विद्यालयको वातावरणतर्फ फर्केर हेर्दा सबै विद्यालयमा स्टाफ कोठा, ५० विद्यालयमा स्टोर कोठा, ५ विद्यालयमा खेलकुद कोठा साथै ३० विद्यालयमा पर्याप्त खेल मैदान रहेका छैनन् । अधिकांश विद्यालयको घेराबार छैन भने केही विद्यालयमा प्रवेश गेट निर्माण भएका छन् । विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भारको लागि केन्द्रबाट नियमित रुपमा सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त भईरहेको तथा राष्टपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भईरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन:

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्राथमिकताको अभाव ।
२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउने नीतिहरुको अभाव ।
३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकासको अभाव ।
४.आवश्यक स्रोतको व्यवस्थापनमा चुनौति ।
५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउने चुनौति ।
६. स्रोतहरुको अभाव, स्रोत जुटिहाले पनि बाटोको अभाव र निर्माणका लागि ढुवानी अर्को चुनौति ।

### ४.६.३ उद्देश्य

1. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
2. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

घ। गुणस्तरीय संरचना निर्माणका लागि विद्यालय पूर्वाधार विकास कार्यनीति निर्माण गरिने ।

### ४.६.४ रणनीतिहरू

1. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने,
2. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,
3. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाका घर लगायत सबैको योजना समावेश गरी डिजायन गर्ने,
4. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,

5. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने,
6. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गर्ने,
7. आंशिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,
8. विद्यालयको भवन तथा भौतिक पुर्वाधारलाई विपत जोखम मुक्त, सुरक्षित र हरित बनाइने,
9. विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

## ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

अ) उपलब्धि

1. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

आ) नतिजा

1. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने ।
2. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
3. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।
4. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
5. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।
6. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।
7. सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने ।

इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रास। | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष ५ वर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्ष | १० वर्ष |
| १ | पालिका भित्रका विद्यालयहरुको भौतिक पुर्वाधार अध्ययन , प्रतिवेदन तयारी | १ | | | | | | १ | २ |
| २ | विद्यालय भौतिक पूर्वाधार नीति निर्माण | १ | | | | | | १ | २ |
| ३ | भौतिक पुर्वाधार विकास योजना निर्माण | पटक | १ | | | | | १ | |
| ४ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी, शौचालय, भवन, कम्पाउन्ड आदि) | सङ्ख्या | | १ | १ | | १ | ३ | ६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन कक्षाकोठा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विज्ञ समुह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मुल्यांकन | पटक | आवश्यकता अनुसार | | | | | | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

रुवी भ्याली गाउँ पालिका उच्च पहाडी र हिमाली क्षेत्रमा भएकाले सूचना प्रविधिको क्षेत्रमा बामे सरिरहेको छ । हरेक गाउँमा टेलिफोन र इन्टरनेटको सुविधा पुगिसकेको भए पनि सेवाको गुणस्तर सुधार हुन बाँकि छ । हरेक विद्यालयमा कम्युटर र इन्टनेट जडान कार्य भइरहेको छ र सेवाको स्तरोन्नति पनि भैरहेको छ । समय कम्युटर र इन्टरनेटकै छ । सूचना प्रविधिको महासागरले विश्वबजार निकट छ ।त्यसभन्दा पर बस्न सक्ने अवस्था छैन । त्यसैले सबै नागरिकहरुलाई सूचनाप्रविधिको सञ्जालमा जोड्नु आजको अहम् आवश्यकता पनि हो । यसका लागि प्रत्येक व्द्यिालयमा सुविधासम्पन्न कम्प्युटर ल्याब अनिवार्य भएको छ ।

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्न जरुरी भइसकेको छ । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने कार्य अहिलेको महत्वपूर्ण आवश्यकता बनिसकेको छ । सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय

तथा शासकीय पद्धतिलाई डिजिटलाइज गर्दै कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु आजको आवश्यकता हो ।

त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा प हुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका विषय नीतिहरूमा उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान त था प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख भएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३( २०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटाकेन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ । त्यसैगरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका छन् ।

४.७.२ वर्तमान अवस्था

हाल रुवी भ्याली गाउँपालिकामा रहेका २१ वटै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भएको छ । करिब सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ । इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक

विद्यालयलाई वर्षेनि १२००० रकम उपलब्ध गरिएको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस पालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ । कक्षा ४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना प्रविधि र कम्प्युटरसँग सम्बन्धित पाठ राखिएको छ भने केही विद्यालमा ऐच्छिक विषयका रूपमा छुट्टै कम्प्युटर विषय पठनपाठन गराउने गरेका छन् तर सबै विद्यालयमा आवश्यकता अनुरुप कम्प्युटर र सजिलै सहज चल्ने इन्टरनेटको भने सुधार गर्नुपर्ने अवस्था छ ।

सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण र विकास गरेका डिजिटल सामग्रीको प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीले आफ्नो पहुँच र प्रभावकरिता वृद्धि गर्दै लगेको पाइन्छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ । प्रत्येक महिनामा प्र अ हरुको नियमित बैठक हुने गरेको छ । गत वर्ष रुवी भ्याली गाउँपालिकाले वडा नं ५ रहेका सबै सामुदायिक विद्यालयका सम्पूर्ण प्रधानाध्यापकहरू एंव शिक्षकहरुलाई १५ दिने आइसिटी सम्बन्धी तालिम सञ्चालन गरेर शिक्षकहरूलाई सूचना प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बन्न सहयोग गरेको थियो ।

कोभिड १९ को समयमा विद्यालय लामो समय बन्द रहँदा अनलाइन कक्षाको महत्व बढेर गएको हो । सूचना र सञ्चार प्रविधिको प्रयोगले सङ्कटको समयमा मात्र नभई नियमित सिकाइ गतिविधिमा समेत यसको महत्व र प्रभावकारिता बढ्दै गएको छ ।

रुवी भ्याली गाउँपालिकाका केही विद्यालयहरूका कक्षा कोठामा इन्टरएक्टिभ प्यानल बोर्ड समेतले प्रवेश पाएको अवस्था छ । विद्यार्थीहरू विद्यालयका आइसिटी ल्याबमा बसेर सूचना र प्रविधि ज्ञान सिक्ने व्यवस्था स्थापना भएका छन् । सिसी क्यामेराको प्रयोग बढनु, लेखा क्षेत्रमा सफटवेयर निर्माण र प्रयोग हुनु सकारात्मक कुरा हुन् । यस पालिका भित्रका विद्यालयका कक्षा कोठामा शिक्षण सिकाइ सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप, मोबाइल, अडियो जस्ता सामग्रीको प्रयोग बढ्दै गएको छ । हालको अवस्थाले बिहानीको सङ्केत त अवश्य दिन्छ यसमा समयानुकूल थप विस्तार विकास गर्न प्राथमिकता दिनुपर्दछ । कक्षा कोठालाई रुचिकर साथै सूचना तथा प्रविधिमा आधारित बनाई सिकाइमा प्रभावकरिता ल्याउन विशेष योजना बनाउनु आवश्यक छ ।

### ४.७.३ उद्देश्य

1. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
2. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुयाउनु,
3. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदशी र समतामूलक बनाउनु ।
4. पालिका अन्तर्गतका सबै विद्यालयका गतिविधि एउटै इन्टरनेटमा आधारित प्रणालीमा व्यवस्थापन गर्ने र नियमन गर्ने

४.७.४ रणनीतिहरू

1. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
2. सबै शिक्षकहरूको क्षमता विकास गर्ने,
3. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,
4. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
5. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
6. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
7. सामुदायिक सिकाइ केन्द्रहरूमा Digital Learning Center स्थापना गर्ने ।
8. पालिका अन्तर्गतका सबै विद्यालयका गतिविधि एउटै प्रणालीमा व्यवस्थापन गर्ने र त्यसैबाट नियमन गरिने ।
9.

४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

1. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने ।

**आ) नतिजा**

1. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,
2. विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
3. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
4. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
5. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
6. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
7. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
8. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।
9. पालिका अन्तर्गतका सबै विद्यालयका गतिविधि एउटै विद्युतीय इन्टरनेटमा आधारित प्रणालीमा व्यवस्थापन गर्ने र नियमन गर्ने प्रणालीको विकास भएको हुनेछ ।

10.

## इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९-८० | २०८०रू८१ | २०८१रू८२ | २०८२रू८३ | २०८३रू८४ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ५ | | | | | ५ | १० | |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | १२ | १२ | १३ | | | ३७ | ७४ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | **निरन्तर** | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | | १ | | | १ | **२** | |
| ७ | विद्यालमा इ हाजिरी ब्यस्थापन | ओटा | १२ | १२ | १३ | | | | **२१** | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | | | | | | **आवश्यकता अनुसार** |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका आधारमा) | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | ओटा | | | १२ | १२ | १३ | १४ | **२१** | |
| ११. | सबै विद्यालयका गतिविधि एउटै विद्युतीय इन्टरनेटमा आधारित प्रणालीमा व्यवस्थापन गर्ने र नियमन गर्ने प्रणाली 1. | १ | १ | | | | | १ | १ | |

# परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

रुवी भ्याली गाउँ पालिकालाई हामीले पारदर्शी पालिकाको रुपमा विकास गर्ने चाहना राखेका छौं । जब सरकारी कार्यक्रमहरु अपारदर्शी हुन्छन् र जनताले कुनै रहस्यको अनुभव गर्न प्रारम्भ गर्दछन् तब असन्तुष्टि र भ्रमहरुको वर्षा प्रारम्भ हुनथाल्छ । त्यसैले पालिका जनताको हो र जनताले नै हर विषयको निगरानी गर्नुपर्दछ भन्ने मान्यताबाट नै सुशासनको आरम्भ हुन्छ । अझ शिक्षा जस्तो महत्वपूर्ण क्षेत्रमा सुशासन र पारदर्शीताको अलग्गै महत्व छ । भविष्यको जनशक्ति उत्पादन गर्ने कलिला बालबालिकाको नजरमा सुशासन नभएर उनीहरुमा पर्ने प्रभावक अवर्णनीय हुन्छ ।

शिक्षा जस्तो महत्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्वपूर्ण हुन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोध,जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पु-याउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने देखिएको छ । संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा देखिन्छ । विद्यालय, विद्यार्थी, प्रशासनको स्वरुप आदिको सङ्ख्यात्मक विस्तार ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख भएका नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना योजना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको अवश्यक देखिन्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई व्याख्या पनि गरिएको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा तथा खेलकुद मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा र शाखाको व्यवस्था गरिएको छ।

## ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार गर्ने लक्ष्य लिएको छ । त्यस्तै अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि शिक्षा प्रशासनका निकायहरू कार्यरत छन् । तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध अझ दृढ हुनुपर्ने देखिन्छ ।

## ५.१.३ उद्देश्य

१)स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

२)तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

३)स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

४)जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

५)सञ्चालित योजनाहरुको आवधिक मूल्याङ्कन, पुर्नमूल्याङ्कन, समीक्षा र पुनः निर्माण गर्नु

## ५.१.४ रणनीतिहरू

१)स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

२)संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

३)कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

४)स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

५)प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।

६)कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

७)सञ्चालित योजनाहरुको आवधिक मूल्याङ्कन, पुर्नमूल्याङ्कन, समीक्षा र पुनः निर्माण गर्न आवश्यकता अनुसार विज्ञहरुसहितको कार्यदल निर्माण गर्ने ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनुका साथै शैक्षिक सुशासन र गुणस्तरीय शैक्षिक वातावरण तयार हुनेछ ।

### प्रमुख नतिजाः

१) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

२) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

३) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

४) सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

५) सञ्चालित योजनाहरुको आवधिक मूल्याङ्कन, पुर्नमूल्याङ्कन, समीक्षा र पुनः निर्माण गर्न आवश्यकता अनुसार विज्ञहरुसहितको कार्यदल निर्माण हुनेछ ।

## संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | |
| २ | प्र अ संग विद्यालयको कार्यसम्पादन करार | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ७ | |
| ३ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ७२ | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास प्रशिक्षण र मूल्यांकन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रधानाध्यापक बैठक | सबै | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | १८५ | |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | १८५ | |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | | | |
| | योजनाको आवधिक पुर्नमूल्याङ्कन, समीक्षा र पुनः निर्माणका लागि विज्ञहरुसहितको कार्यदल | संरचना | १ | | | | | १ | १ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

रुवी भ्याली गाउँ पालिकाको शैक्षिक धरातल बिस्तरै उन्नयनशील पथ आरुढ भैरहेको छ । नयाँ र दश वर्षै शिक्षा योजना कियाशील भएपछि अझै गुणस्तरीय शिक्षाको स्तरीकरण हुनेछ । दशवर्षे योजनाको कार्यान्वयन गर्न गराउन र यसको स्वामित्व ग्रहण गर्न सबै तहका सरकारको दायित्व हो । त्यसैले योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत पालिकाले बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक सबै कार्य गर्नेछ। यसका लागि आवश्यक पर्ने संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू छन् जसलार्य पालिकाले निर्वाह गर्नेछ । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको पनि निकै भइसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ । अझै राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कानुनी र अन्य कार्यहरुको कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दीगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

## ५.२.२ वर्तमान अवस्थाः

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ । साथै यसको सफल कार्यान्वयनका लागि तीनै तहका सरकारले स्वामित्व ग्रहण गनु र कार्यान्वयनमा लैजान आवश्यक छ ।

## ५.२.३ उद्देश्यहरुः

1. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

## ५.२.४ रणनीतिहरू

1. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने । कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
2. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

3. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
4. विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ नियमित गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
5. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।
6. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
7. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
8. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
9. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।
10. हरेक विद्यालयका लागि विद्यालय विकासकोष खडा गर्ने, हरेक विद्यालयका एल्मुनाइहरु जोड्ने र समाजसेवीहरुलाई आबध्द गरेर विकास प्रयासहरु नमूना बनाउँदै लैजाने ।
11. पहिलो पाँच वर्षको कार्यान्वयन पछि विज्ञसमूहसहितको योजना पुनर्मूल्याङ्कन गरिनेछ त्यसमा प्राप्त सुझाव र सल्लाह लिएर मरिमार्जनसहित कार्यान्वयन तालिक निर्माण गरिने ।

## ५।२।५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिहरुः

1 शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

### प्रमुख नतिजाः

1 शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र। सं। | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९. | विद्यालय विकासकोष खडा गर्ने, हरेक विद्यालयका एल्मुनाइहरु जोड्ने र समाजसेवीहरुलाई आबध्द गरेर विकास प्रयासरुमा साझेदारी गर्ने | पटक | िनयमित | िनयमित | िनयमित | िनयमित | िनयमित | नियमित | नियमित | |
| १०. | ।पहिलो पाँच वर्षको कार्यान्वयन पछि विज्ञसमूहसहितको योजना पुनर्मूल्याङ्कन गरिनेछ, त्यसमा प्राप्त सुझाव र सल्लाह लिएर | | | | | | १ | १ | निममित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमार्जनसहित कार्यान्वयन तालिक निर्माण गरिने । | | | | | | | | | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप गर्नेछ । स्थानीय तहले विद्यालयका सबै तहहरु प्रभावकारी संचालनमा जोड दिएको छ । प्रत्येक विद्यालयले र स्थानीय तहले तोकिएको जिम्मेवारी र दिएका कानुनी नीति नियम अनुसार कार्यक्रम सञ्चालनगर्नेछन् । कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ ।

कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा पालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ । हरेक अनुगमनको प्रतिवेदन पालिका शिक्षा समितिमा पेश हुनेछ । आवश्यक भएका शिक्षा समितिका अध्यक्षले विज्ञहरुलाई पनि समावेश गर्न सक्नेछन् ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्याङकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ५.३.३ उद्देश्य

1. अनुगमन तथा मूल्याङ्कनको लागि संयन्त्रको निर्माण गर्नु
2. अनुमगन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
3. योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

### ५.३.४ रणनीतिहरू

1. प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।
2. शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।
3. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
4. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
5. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
6. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

7. योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
8. पालिका भित्र सञ्चालित विद्यालयहरु मध्ये गुणस्तर, सुशासन तथा अन्य सूचाङ्कका आधारमा उत्कृष्ट घोषणा गर्ने
9. उत्कष्ट विद्यालयहरुलाई विशेष सहायता प्याकेज दिने
10. उत्कृष्ट विद्यालयहरु मूल्याङ्कनका लागि स्वतन्त्र विज्ञसमूहको टिम कार्यदल तयार गर्ने

## ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।
- कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ ।
- समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

### प्रमुख नतिजाः

1. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।
2. अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।
3. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

### प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्रासं। | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाँचवर्षे शिक्षा योजना पुनरावलोकन प्रतिवेदन अनुसार कार्याकम र कार्यतालिका निर्माण | पटक | १ | | | | | १ | २ | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | ४ | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | नमूना विद्यालय घोषणा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | नमूना विद्यालयका लागि विज्ञसमूह गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | नमूना विद्यालयका लागि आर्थिक सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |

# परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ

सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदशी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ । वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत शिक्षामा विनियोजन गरिए तापनि सो अनुपातमा लक्षित समुहमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्नु पर्नेमा कागजी दृष्टान्तको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको पनि आफ्नो विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोच हराउँदै आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो देखिएको छ ।

## ६.२ वर्तमान अवस्था

रुवी भ्याली गाउँ पालिकाले सम्पादन गर्नुपर्ने थुप्रै कामका जिम्मेवारीहरु छन् । शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, मानवीय विकासका अनेक क्षेत्रहरु छन् । विगतमा पिछडिएको क्षेत्र भनेर यसै छोडिएकोले पनि समस्याहरुको चाङ थुप्रिएको हो । शिक्षामा पनि सुधार गर्नुपर्ने प्रशस्त कार्याहरु छन् ।

विद्यालय शिक्षामा गरिने लगानीले तत्काल भन्दा पनि दीर्घाकालीन सामाजिक उन्नयनको आधार तयार गर्ने हो । त्यसैले रुवी भ्याली गाउँ पालिकाले शिक्षा विकासका लागि हरेक

विद्यालयका लागि विद्यालय विकास कोष तयार गराउन निर्देशिका निर्माण गरेर कार्यान्वयन पनि गर्न चाहेको छ ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ६१ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग नै विद्यालयका अन्य आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

पञ्चवषीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित अनुदान व्यवस्था गरिनेछ । कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था पनि गरिनेछ । त्यस्तै सार्वजनिक सहभागिता र लागत सहभागितामा आधारित विद्यालय विकास कोष पनि स्थापना गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्रास । | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ७,४१,००,००० | | |
| २ | प्रदेश सरकार | २५,९१,००० | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्थानीय सरकार | २,४१,५०,०००० | | |
| ४ | अभिभावक तथा समुदाय | २५००००० | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १०००००० | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | | | |
| ७ | अपुग रकम | | | |
| | जम्मा | | | |

## ६.३ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ६।४ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ६।६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्रस | शिक्षाका उप(क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | श्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३रु८४ | २०८४रु८५ | २०८५रु८६ | २०८६रु८७ | २०८७रु८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | ३।१ प्रारम्भिक बालविकास र शिक्षा | ५००० | | | | | | २१०० | ५००० | १५०० |
| २ | ३।२ आधारभतू शिक्षा | १९९७० | १८६९० | १८८७० | १९५१० | १८५१० | ९५५५० | ० | ० | ९५५५० |
| ३ | ३।३ माध्यमिक शिक्षा | ५७४० | ८६४० | ८४४० | ४८४० | ४८४० | ३२५०० | ० | ० | ० |
| ४ | ३।४ उच्च शिक्षा | १९०० | १५०० | २०५० | १२०० | १२०० | ७८५० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ३।५ प्राविधिक तथा व्यावसायिक शिक्षा | ४६० | १२१० | ९६० | ११६० | २९६० | ६७५० | ० | ० | ० |
| ६ | ३।६ पाठ्यक्रम र पाठ्यसामग्री | १९८६ | १५०० | १३०० | १९८६ | १३०० | ८०७२ | ० | ० | ० |
| ७ | ३।७ शिक्षक व्यवस्थापन र विकास | १८०४ | १६०४ | १९५४ | १७०४ | १७०४ | ८७७० | ० | ० | ० |
| ८ | ३।८ विद्यालय व्यवस्थापन | १३८२ | १३८२ | १३८२ | १३८२ | १३८२ | ६९१० | ० | ० | ० |
| ९ | ३।९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | २०० | १२००० | १२००० | १२००० | ५०० | ४३०० | ० | ० | ० |
| १० | ३।१० गुणस्तरीय सार्बजनिक शिक्षा | ६३४३ | ७३४३ | ५७९३ | ५२४३ | ४९९३ | २९७१५ | ० | ० | ० |
| ११ | ३।११ आर्थिक तथा सामाजिक रूपमा | २५० | २०० | २५० | २०० | २५० | ११५० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पछाडि परेका वर्गको पहुँचरसमावेशी शिक्षा | | | | | | | | | |
| १२ | ३।१२ शिक्षामा सूचना प्रविधि | ४४०० | २२५० | २५५० | ५५० | ५५० | १०३००० | ० | ० | ० |
| १३ | ३।१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ४६० | ५५० | १५० | १५० | १५० | १४६० | ० | ० | ० |
| १३ | संस्थागत संरचना र क्षमता विकास | २७२८ | २७२८ | २७२८ | २७२८ | २७२८ | १३६४० | ० | ० | ० |
| १४ | योजना कार्यन्वयन अनुगमन तथा मूल्यङ्कन समन्वय र सहजीकरणा | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | ० |
| | जम्मा | ५४०३१ | ५५६१५ | ५४१८५ | ४८४०१ | ४७८५५ | २६००८७ | ० | ० | ९५५५० |

# परिच्छेद ७
# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन ।कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ । आवश्यक पर्दा पालिका शिक्षा शाखाले प्रदेश,सरकार वा संघ सरकार र अन्य संघ संस्था तथा व्यक्तिहरुको सहयोग लिने वातावरण पनि बनाउन सक्दछ ।

कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा पालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरीवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र

सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यङंकन समिति बनाई सक्रिय हुनेछ । योजनाको आवधिक मूल्याङ्कनका लागि पालिकाले स्वतन्त्र विज्ञ समूह पनि गठन गर्न सक्ने छ ।

## ७.२ वर्तमान अवस्था

रुवीभ्याली गाउँ पालिकाको शैक्षिक अनुगमन पालिका स्तरबाट नियमित रुपमा भैरहेको छ । यद्यपि जनशक्तिको अभाव, बाटोघाटोको विकटता र शिक्षा शाखामा भएको कार्यव्यस्ततालेसुधारात्मक अनुगमन प्रभावकारी रुपमा हुन सकिरहेको छैन । यो दशवर्षे शिक्षा योजनाको कार्यान्वयन भएपछि कार्यक्रमहरुको नियमित अनुगमन र अनुगमनका प्रतिवेदनहरुको दस्तावेजीकरण गर्नु पनि जरुरी हुन्छ। त्यसका लागि पालिका शिक्षा शाखामा पर्याप्त जनशक्ति पनि पूर्ति हुने नै छ।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य पालिका भित्र शिक्षा शाखाले नै गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ। प्रभावकारी अनुगमन र मूल्याङकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ। सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ।

| क्र.सं. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |
| १२ | स्वतन्त्र विज्ञ समूह | | पालिकाको निणर्नयानुसार गठित, | आवधिक | प्रतिवेदन |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधि र अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

- बार्षिक  बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७।४ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिनेछ
- योजनाका आगत (Input) प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि ( Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ

- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ

## ७.५उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने
- कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमीकमजोरीमा समीक्षासहित सुधार र पुनर्योजना गर्न मद्दत हुने
- समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने

### प्रमुख नतिजाः

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने
- सिकाईहरुको दस्तावेज तयार हुने

### प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्रा.सं। | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | २ | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | ४ | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |

**अनुसूचीहरु**